कोशी प्रदेश सभा

नवौं अधिवेशन

बैठक संख्या — २९

दैनिक कार्यसूची

२०८३ साल भाद्र १७ गते

बुधबार

दिनको १:०० बजे

मन्त्रीको जवाफ

१. माननीय सदस्यहरुले शुन्य र विशेष समयमा उठाउनु भएका प्रश्न तथा जिज्ञासाको सम्बन्धमा उद्योग, कृषि तथा सहकारी मन्त्री माननीय राम प्रसाद महतोले जवाफ दिनुहुने।

व्यवस्थापन कार्य

२. **"कोशी प्रदेश दलित अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि माननीय सदस्यहरूले सैद्धान्तिक छलफलका क्रममा उठाउनु भएका प्रश्न तथा जिज्ञासाका सम्बन्धमा सामाजिक विकास मन्त्री माननीय गिता तिम्सिनाले जवाफ दिनुहुने।

विशेष प्रस्ताव प्रस्तुत

३. माननीय सभामुखले देहाय बमोजिमको विशेष प्रस्ताव प्रस्तुत गर्नुहुने:

"कोशी प्रदेश सभाको यो बैठक, २०८३ साल भाद्र १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दछ। बाढीमा परी जीवन गुमाउनुहुने सम्पूर्ण नागरिकप्रति हार्दिक श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ। साथै, प्रभावित नागरिकको शीघ्र खोज, उद्धार, उपचार र राहतलाई प्रभावकारी रूपमा अघि बढाउन नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा सम्बन्धित निकायलाई आग्रह गर्दछ। क्षतिग्रस्त भौतिक पूर्वाधारको शीघ्र पुनःस्थापना तथा प्रभावित नागरिकको पुनःस्थापनाका लागि आवश्यक पहल गर्न अनुरोध गर्दछ।"

सुदर्शन खड्का
प्रदेश सभा सचिव